नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
## सिंहदरबार, काठमाण्डौ

प.सः ०८१/८२
च.नं.:- मा.वे.नि./

फोन नं : ४२००२१६
फ्याक्स : ०१-४२००११६

# सूचना

विषयः सम्मानका लागि आवेदन दिने सम्बन्धमा ।

प्रस्तुत विषयमा विगत वर्षहरुमा जस्तै यस वर्ष पनि यस मन्त्रालयको आयोजनामा नेपाल सरकारले मानव बेचबिखन विरुद्धको १८औं राष्ट्रिय दिवस यहि भाद्र २० गते मनाउन गईरहेको ब्यहोरा जानकारीका लागि अनुरोध छ। उक्त दिवसका अवसरमा मानव वेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा उल्लेखनीय कार्य गरेका एक स्थानीय तहलाई सम्मान प्रदान गर्ने कार्यक्रम रहेको छ। सो सन्दर्भमा सम्मानका लागि योग्य स्थानीय तहले मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सम्पादित तपशील बमोजिमको कामहरुको विवरण सहित १० दिन भित्र यस मन्त्रालयको इमेल ठेगाना **nccht.nepal@gmail.com** मा आवेदन गर्नुहुन अनुरोध छ ।

<u>तपसिल</u>

१. नीति तथा कार्यक्रम र बजेटमा संबोधन भएको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषय,
२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (LCCHT) को गठन भएको मिति,
३. गत आ.व. मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (LCCHT) को बैठक संख्या
४. मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावितहरुका लागि संचालित पुनर्स्थापना केन्द्र संग समन्वय, सहजीकरण र सहकार्य भएको,
५. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति (DCCHT) संग समन्वय र सहकार्य भएको।

मितिः २०८१।०४।३०

८१।४।३०
मीना पौडेल
प्र.म.वि.अ.

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सः ०८१/८२
च.नं.:- मा.वे.नि./

फोन नं: ४२००२१६
फ्याक्स: ०१-४२००११६

# सूचना

विषयः पुरस्कार तथा सम्मानका लागि आवेदन दिने सम्बन्धमा ।

प्रस्तुत विषयमा विगत बर्षहरुमा जस्तै यस बर्ष पनि यस मन्त्रालयको आयोजनामा नेपाल सरकारले मानव बेचबिखन विरुद्धको १८औं राष्ट्रिय दिवस यहि भाद्र २० गते मनाउन गईरहेको ब्यहोरा जानकारीका लागि अनुरोध छ । उक्त दिवसको अवसरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा उत्कृष्ट कार्य गरेका ३ वटा विधा/संस्था (स्थानीय तह, गैरसरकारी संस्था, मिडिया (विद्युतीय माध्यमबाट १ र छापा माध्यमबाट १ जना) लाई पुरस्कार तथा सम्मान (साथै सोही विधाका थप ४ संस्था/निकायलाई सम्मान) प्रदान गर्ने कार्यक्रम रहेको छ। सो सन्दर्भमा पुरस्कार तथा सम्मान छनौट तथा सिफारिस उपसमितिको मिति २०८१।०४।२९ मा बसेको बैठकको निर्णयानुसार संघसंस्थाबाट र सञ्चार माध्यमबाट पुरस्कार तथा सम्मानका लागि संस्था/ब्यक्ति छनौट गर्न कार्यसमुहहरु गठन भएकोले पुरस्कार तथा सम्मानका लागि योग्य संस्था/ब्यक्तिहरुले १० दिन भित्र तपसिलको इमेल ठेगानामा आवेदन गर्नुहुन अनुरोध छ ।

<u>तपसिल</u>

१. गैरसरकारी संघसंस्थाका लागि aatwin@ntc.net.np, सम्पर्क नं. ०१-५३२९७८७
२. सञ्चार माध्यमका लागि patrikanepali@yahoo.com, सम्पर्क नं. ९८५११६००००

०८१।४।३०

मिति: २०८१।०४।३०

मीना पौडेल
प्र.म.वि.अ.